मिति-२०७९/४/८

## रोजगार सहायक तथा प्राविधिक सहायक करारमा पदपूर्ती गर्ने सम्बन्धी सूचना।

यस धरान उपमहानगरपालिका रोजगार सेवा केन्द्रमा रोजगार सहायक तथा प्राविधिक सहायक गरी पद २(दुई) जना खुल्ला प्रतिष्पर्धाको माध्यमबाट सेवा करारमा पदपूर्तिका लागि देहाय बमोजिम योग्यता पुगेका ईच्छुक नेपाली नागरिकले प्रथम पटक प्रकाशित भएको मितिले १५ दिन भित्र माग बमोजिमका विवरण र तोकेको राजस्व बुझाएको नगद रसिद सहित यस धरान उपमहानगरपालिका रोजगार सेवा केन्द्रमा निवेदन पेश गर्नु यो सूचना प्रकाशन गरिएको छ।

| क्र. स. | विज्ञापन नं. | पद | तह | संख्या |
|---|---|---|---|---|
| १ | १/२०७९/८० | रोजगार सहायक | सहायक पाँचौ तह सरह | १ (एक) जना |
| २ | २/२०७९/८० | प्राविधिक सहायक | सहायक पाँचौ तह सरह | १ (एक) जना |

१. रोजगार सहायक र प्राविधिक सहायक पदका लागि आवश्यक न्यूनतम योग्यता र कार्य अनुभव ।

| रोजगार सहायक | प्राविधिक सहायक |
|---|---|
| • नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा प्रवीणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको।<br>• दरखास्त दिने अन्तिम मितिमा १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको ।<br>• आधारभुत कम्प्युटर सिप सम्बन्धी कम्तीमा ३ महिनाको तालिम लिएको ।<br>• सम्बन्धीत कामको अनुभव भएकालाई ग्राह्यता दिइनेछ । | • सिभिल ईन्जिनियरिङ्गमा प्रविणता प्रमाण पत्र तह वा ओभरसियर वा डिप्लोमा तह उतीर्ण ।<br>• दरखास्त दिने अन्तिम मितिमा १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको ।<br>• पूर्वाधारको निर्माण र मर्मत/स्तरोन्नतरका लागि आयोजनाको लागत अनुमान, सुपरिवेक्षण र अन्तिम लागत विवरण तयार गर्न सक्ने र विश्लेषण गर्न सक्ने आयोजनाको लक्ष्य र परिणाम हासिल गर्न टोलीमा काम गरेको अनुभव र उत्कृष्ठ पारस्परीक सम्बन्ध सम्बन्धी सीप सहित कम्तीमा ६ महिनाको अनुभव भएकालाई ग्राह्यता दिइनेछ। |

२. दरखास्त दिने स्थान: धरान उपमहानगरपालिका रोजगार सेवा केन्द्र, धरान

३. दरखास्त दिने अन्तिम मिति: सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र सो दिन सार्वजनिक बिदा परेमा सो को भोलिपल्ट कार्यालय खुलेको दिन।

४. आवेदन दस्तुर: रु. ५०० (पाँचसय मात्र)

५. छनौटको किसिम: प्रारम्भिक योग्यताक्रमको सुची प्रकाशन र लिखित तथा प्रयोगात्मक परिक्षा।

६. आवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरु : आवेदक स्वयंले प्रमाणित गरेको देहाय बमोजिम कागजातको प्रतिलिपिहरु:

- नागरिकता
- न्यूनत्तम शैक्षिक योग्यताको लब्धाङ्क प्रमाणपत्र
- चारित्रिक प्रमाणपत्र
- कामसँग सम्बन्धित अनुभव भए सोको कागजात
- तालिमको प्रमाणपत्र
- २ प्रति पासपोर्ट साईजको फोटो

७. सेवा सुविधा तथा अन्य : स्थानीय तहमा प्राविधिक सहायक र रोजगार सहायक पदपूर्ति सम्बन्धी मापदण्ड २०७८ बमोजिम हुनेछ।

८. आवेदनको फारम र रोजगार सहायक पदको पाठ्यक्रम लगायत पदपूर्ति सम्बन्धी अन्य जानकारी www.pmep.gov.np तथा धरान उपमहानगरपालिकाको वेबसाईट (www.dharan.gov.np) बाट प्राप्त गर्न सकिनेछ।

लक्ष्मी प्रसाद
प्रमुख प्रशासकीय अधिकृत